# जनकपुर उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**जनकपुरधाम, धनुषा**
**२ नं. प्रदेश , नेपाल**

प्रथम पटक प्रकाशित मिति :२०७४/०३/०५

## फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हान गरिएको सार्वजनिक सूचना

यस जनकपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक-निजि साझेदारी प्रणालीअन्तर्गत फोहोरमैला व्यवस्थापन कार्य गराउने निर्णय गरेको हुँदा सो कार्य नगर कार्यपालिकाको कार्यालयसँग साझेदारीको भावनाअनुरुप गर्न ईच्छुक तपसिलमा भएबमोजिम योग्यता पुगेका इच्छुक फर्म, कम्पनी, सामुदायिक संस्था, टोलस्तरका संस्था, गैह-सरकारी संस्थाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक योग्यता पुगेका उक्त संस्थाहरूलाई कर-चुक्ता प्रमाणपत्र, प्यान रजिष्ट्रेशन नम्बर तथा संघ-संस्था दर्ता प्रमाणपत्रसहित कार्यालय समयभित्र कार्यालयमा आई परियोजनाको विवरण कागजात फारम खरिद गर्न सकिनेछ। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा सामाजिक विकास/प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

१. परियोजनाको संक्षिप्त विवरण : जनकपुर उप-महानगरपालिका क्षेत्रमा अलग अलग प्याकेजअन्तर्गत फोहोरमैला संकलन, ढुवानी तथा डम्पिङ गरी व्यवस्थापन गर्ने कार्य।
२. साझेदारीको न्युनतम योग्यता : फोहोरमैला वा सरसफाई क्षेत्रमा कार्य गरेको अनुभव भएको।
३. परियोजनाको विवरण कागजात (ToR) बापत् लाग्ने दस्तुर - रु. ३०००।००
४. प्रस्ताव खरिदको अन्तिम मिति : २०७४/०४/०३ गते कार्यालय समयभित्र
५. प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०७४/०४/०४ दिनको १२ बजेसम्म।
६. प्रस्ताव खोलिने मिति, समय र स्थान : २०७४/०४/०४ दिनको २ बजे ज.उ.म.न.पा.।
७. प्रस्ताव छनोटको आधारहरू : विस्तृत योजना विवरणमा उल्लेख भएअनुसार।

द्रष्टव्य: बढीमा दुई ओटा प्याकेज क्षेत्रमा मात्र प्रस्ताव हाल्न सकिनेछ।